# इटहरी उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

इटहरी, सुनसरी

कोशी प्रदेश, नेपाल

## इटहरी उपमहानगरपालिकाको आन्तरिक आय सङ्कलन ठेक्का आव्हानको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८३।०४।१५ गते

इटहरी उपमहानगरपालिकाद्वारा आ.व. २०८३।८४ का लागि आर्थिक ऐन २०८३ को दफा २०, इटहरी उपमहानगरपालिकाको आन्तरिक आय ठेक्का व्यवस्थापन कार्यविधि २०८२, प्रचलित कानुन तथा इटहरी उपमहानगरपालिकाको राजस्व परामर्श समितिको निर्णयानुसार आन्तरिक आय ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक दर्तावाला फर्महरुले तपसिलका शर्त बन्देजको अधीनमा रही सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट www.bolpatra.gov.np/egp मार्फत बोलपत्र खरिद तथा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| क्र.सं. | ठेक्का नं. | ठेक्काको नाम | ठेक्का अवधि | न्यूनतम् ठेक्का अङ्क रु. (मु.अ.क. सहित) | धरौटी | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | ITR/NCB/2R/2082/83 (राजस्व) | जडिबुटी कबाडी र जीबनज्तु कर सङ्कलन ठेक्का इटहरी उपमहानगरपालिका क्षेत्र | एक वर्ष | ७६,८६,४३५.१५। | कबुल अङ्कको ५% | रु.३०००। |

शर्तहरु:

- फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, व्यवसाय दर्ता/नवीकरण प्रमाणपत्र, मूल्य अभिबृद्धि करदर्ता प्रमाणपत्र, आ.ब. २०८१।०८२ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि, बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयको नाममा नेपाल बैंक लिमिटेड इटहरीको राजस्व शीर्षक नं. १४२२९, खाता नं ०५९०३००००१००१००००१ मा नगद जम्मा गरेको भौचर पेश गरी बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट www.bolpatra.gov.np/egp बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लिखित बैङ्क खातामा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ ।
- बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अङ्कमा स्पष्ट रुपले उल्लेख गर्नुपर्नेछ। आफूले कबोल गरेको अङ्कको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैङ्क लिमिटेड इटहरीको धरौटी खाता नं. ०५९०३००००३००००००००१ मा जम्मा गरी सो को बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० (एक सय बिस) दिनको म्याद सहित जारी गरिएको बिड बण्ड पेश गर्नुपर्नेछ ।
- बोलपत्र पेश गर्ने अन्तिम समय सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट www.bolpatra.gov.np/egp मा जारी भए वमोजिम हुनेछ ।

महेश पराजुली
प्रमुख प्रशासकीय अधिकृत

- बोलपत्र सम्बन्धी अन्य जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही फारामबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
- कबोल गरेको सम्पूर्ण रकम अग्रिम एकमुष्ठ बुझाएमा १० प्रतिशत छुट दिइनेछ । एकमुष्ठ नबुझाएको अवस्थामा सम्पूर्ण कबोल गरेको ठेक्का रकमलाई बढीमा ४ किस्तामा विभाजन गरी पहिलो किस्ता बापतको रकम सम्झौता भएको बखतमा र बाँकी किस्ता रकम दामासाहीले दाखिला गर्नु पर्नेछ । पहिलो किस्ता बाहेक बाँकी रकमको हकमा २०८४ असार मसान्तसम्म म्याद कायम रहेको नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त बैङ्कबाट जारी गरिएको बैङ्क ग्यारेण्टी पेश गर्नु पर्नेछ ।
- स्वीकृत भएको फर्मले तोकिएको म्यादभित्र सम्झौता गर्न नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गर्न सकिनेछ । यस कार्यालयले निर्धारण गरेको दररेट भन्दा बढी असुल गरेमा नियमानुसार कारवाही भई ठेक्का रद्ध समेत हुन सक्नेछ ।
- ठेकेदारले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लिखित शर्त बमोजिम काम गर्नु पर्नेछ ।
- ठेक्का अवधिभर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । बिचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकम सरकारी बाँकी सरह असुल उपर गरिने छ ।
- जडिबुटी कबाडी र जीबनज्तु कर सङ्कलन दररेट इटहरी उपमहानगरपालिकाको आर्थिक ऐन, २०८३ मा उल्लेख भएबमोजिम हुनेछ ।
- जडिबुटी कबाडी र जीबनज्तु कर सङ्कलन गर्दा यस उपमहानगरपालिकाको पुर्वतर्फ पुर्व पश्चिम राजमार्ग अन्तर्गत बुढीखोला वारी, पश्चिमतर्फ पुर्व पश्चिम राजमार्गमा पर्ने रामधुनी नगरपालिका र इटहरी उपमहानगरपालिकाको सिमाक्षेत्रमा, उत्तरतर्फ धरान बिराटनगर राजमार्गको तरहरा चोक छेउ पानीपियामा र दक्षिणतर्फ धरान बिराटनगर राजमार्गको इटहरी उपमहानगरपालिका र दुहबी नगरपालिकाको सिमा क्षेत्रबाट तथा आवश्यकता अनुसार इटहरी उपमहानगरपालिका क्षेत्रको अन्य बिभिन्न ठाउँबाट सवारी आवागमनमा बाधा नपर्ने गरी गर्नु पर्नेछ ।
- माथि उल्लिखित ठेक्का अङ्क एक वर्षको लागि निर्धारण गरिएकोमा आ.ब. २०८३।०८४ को लागि ठेक्का सम्झौता हुने समयमा ठेक्का अवधी एक वर्षभन्दा कम हुने भएकोले ठेक्का नलागेको अवधीको रकम कबुल अङ्कमा दामासाहीले घटाई ठेक्का सम्झौता गरिनेछ ।
- यस सूचनामा उल्लेख भएका शर्त यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।
- विस्त्रित जानकारीका लागि कार्यालयको वेभसाइट www.itaharimun.gov.np मा हेर्न तथा कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

महेश पराजुली
प्रमुख प्रशासकीय अधिकृत

# इटहरी उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## इटहरी, सुनसरी

महेश पराजुली
प्रमुख प्रशासकीय अधिकृत

आर्थिक वर्ष २०८३/८४ को जडिबुटी, कबाडी र जीबजन्तु कर सङ्कलन ठेक्का इटहरी उपमहानगरपालिका क्षेत्रको बोलपत्र फाराम ठेक्का नं. **ITR/NCB/2R/2082/83** (राजस्व)

दोस्रो पटक प्रकाशित मितिः २०८३/०४/१५

| न्युनतम ठेक्का अङ्क मु.अ. कर समेत | कबोल अंक रु | | धरौटी रकम रु | | कैफियत |
|---|---|---|---|---|---|
| | अंकमा | अक्षरमा | अंकमा | अक्षरमा | |
| ७६,८६,४३५.१५। (अक्षेरेपी छयहत्तर लाख छयासी हजार चारसय पैतिस रुपैयाँ पन्ध्र पैसा मात्र) | | | | | |

- उपरोक्त कबोल अंकको मेरो बोलपत्र स्वीकृत भएमा उपमहानगरपालिकाले तोकेको दररेट वमोजिम मात्र कर असुल उपर गर्नेछु। अन्य शर्तहरु उपमहानगरपालिकाबाट निर्धारण गरेअनुसार मान्य हुनेछ।
- इटहरी उपमहानगरपालिकाको निर्णय र निर्देशन वमोजिम ठेक्का सम्वन्धी कार्य गर्नेछु।
- सम्झौता तथा कबुलियतनामा कागचमा उल्लेख भएका शर्तहरुको पूर्णरुपले पालना गर्नेछु।
- अग्रिम रकम दाखिला नभए कबोल रकमलाई बढीमा ४ किस्तामा बाँडफाँड गरी पहिलो किस्ता नगदै बुझाई बाँकी रकमको लागि आ.ब. २०८४ असार मसान्त सम्म म्याद कायम रहेको बैंङ्क ग्यारेन्टी पेश गर्नेछु।

उपरोक्तानुसार नगरेमा प्रचलित कानून वमोजिम सजाय भोग्न तयार छु भनी यो बोलपत्र फाराममा सहिछाप गरिदिएँ ।

बोलपत्रदाताको:

नाम:

ठेगाना:

सहिछाप:

मिति:

जडिबुटी, कवाडी र जीवजन्तु कर सङ्कलन दर रेट

| क.सं. | करको किसिम | करको दर रु. | कैफियत |
|---|---|---|---|
| क) | जडिबुटी तथा जडिबुटीजन्य अन्य सामग्री | - | |
| १ | जडिबुटीहरु प्रति के.जी. | ५० पैसा | |
| २ | अलैंची, टिमुर प्रति केजी | १ रुपैयाँ | |
| ३ | तेजपत्ता, लसुन, बनप्याज, अदुवा, खयर, सुपाडी प्रति केजी | ५० पैसा | |
| ४ | अदुवाको तेल प्रति लिटर | ५ रुपैया | |
| ५ | तारपिन तेल प्रति लिटर | १० पैसा | |
| ६ | जडिबुटीजन्य अन्य सामग्री प्रति ट्रक | ५०० रुपैया | |
| ख) | कवाडी मालसामान | | |
| १ | (खाली सीसी-बियर) बोतलको प्रति गोटा | ५० पैसा | |
| २ | (खाली सीसी-मदिरा र अन्य) ५०० एम एल भन्दा माथि प्रति गोटा | २५ पैसा | |
| ३ | (खाली सीसी-मदिरा र अन्य) ५०० एम एल भन्दा तल प्रति गोटा | २५ पैसा | |
| ४ | (प्लाष्टिक-बोतल, भाडाकुडा, पुराना जुत्ता, चपल, ग्यालिन, जर्किन आदि) प्रति के.जी. | २ रुपैया | |
| ग) | खाली बोरा | | |
| १ | ५० के.जी.सम्म खाद्यान्न अट्ने प्लाष्टिकका पुराना बोरा प्रति गोटा | १० पैसा | |
| २ | ५० के.जी.सम्म खाद्यान्न अट्ने जुटका पुराना बोरा प्रति गोटा | २० पैसा | |
| ३ | १०० के.जी.सम्म खाद्यान्न अट्ने जुटका बोरा प्रति गोटा | ५० रुपैया | |
| घ) | तेलको टिन | | |
| १ | १० लिटरभन्दा बढी अट्ने ठुलो प्रति गोटा | १ रुपैया | |
| २ | १० लिटरभन्दा बढी अट्ने सानो प्रति गोटा | १ रुपैया | |
| ङ) | पुनः प्रशोधन (रिसाइकलिङ्ग) गरी पुनः प्रयोग हुन सक्ने | | |
| १ | धागोको टुक्रा, झिण्डु (प्राकृतिक र कृत्रिम उनका टुक्रा) प्रति के.जी. | २ रुपैया | |
| २ | गार्मेण्टको कपडाको टुक्रा प्रति के.जी. | २ रुपैया | |
| ३ | जलेको मोबिल प्रति लिटर | २ रुपैया | |
| ४ | जुट र प्लाष्टिकका बोरा प्रति के.जी. (झुत्रो) | ५० पैसा | |
| ५ | कार्पेटका टुक्रा प्रति के.जी. | १ रुपैया | |
| ६ | टायरट्युब प्रति के.जी. | १ रुपैया | |
| ७ | थोत्रो टीन प्रति के.जी. | ५० पैसा | |
| ८ | पुरानो ड्रम प्रति के.जी. | ५ रुपैया | |
| ९ | पुराना कागज (अखबार, न्युजप्रिन्ट) प्रति के.जी. | ५० पैसा | |
| १० | पुराना अन्य कागज (कार्टुनसमेत) प्रति के.जी. | ५० पैसा | |
| | धातुका टुक्राहरु र पत्रु भई काम नलाग्ने भएका धातु सामानहरुः | | |
| | क) फलाम प्रति के.जी. | १ रुपैया | |
| | ख) अन्य धातु पित्तल, तामा, अल्मुनियम आदी) प्रति के.जी. | ३ रुपैया | |

नि. प्रमुख प्रशासकीय अधि
2023/02/29

| | | | |
|---|---|---|---|
| ११ | ग) थोत्रिएर काम नलाग्ने मेशिनरी औजार प्रति के.जी. | २ रुपैया | |
| | घ) पोलिथिन पाइपका टुक्राहरु प्रति के.जी. | १ रुपैया | |
| | ङ) सिसा लिडको धुलो वा टुक्रा, बेट्री प्रति के.जी. | १ रुपैया | |
| | च) काँचको धुलो र टुक्रा प्रति के.जी. | ३ रुपैया | |
| | छ) फलामको धुलो (Iron Dust) प्रति के.जी. | ५० पैसा | |
| च) | प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला | | |
| १ | हाँस, कुखुरा जस्ता पंछीहरुको प्वाँख प्रति के.जी. | १० रुपैया | |
| २ | हाड प्रति के.जी. | १० रुपैया | |
| ३ | सिंग प्रति के.जी. | ५ रुपैया | |
| ४ | खुर प्रति के.जी. | ५ रुपैया | |
| ५ | छालाः ठूलो जनावार गाई, गोरु, भैंसी लगायत प्रति गोटा | ५० रुपैया | |
| ६ | छालाः सानो जनावार खसी, बाखा, सुँगुर लगायत प्रति गोटा | ३० रुपैया | |

२०८३/०२/२९

नि. प्रमुख प्रशासकिय अधिकृत